फोन नं. : ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
### मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

च.नं.

मितिः २०७९/०४/१६

विषयः हटिया ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रस्तुत् बिषयमा यस नगर कार्यपालिकाको मिति २०७९/०३/१२ गतेको निर्णयानुसार नगरपालिकाको निम्नानुसार हटियाहरु ठेक्का लगाउनु पर्ने भएकोले तपसिलका शर्तहरुको अधीनमा रही ईच्छुक व्यक्ति/संस्थाहरुबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.न. | हटियाको नाम | ठेगाना | न्यूनतम कबोल अंक रु. | फारम दस्तुर | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिस्वा हटिया | खडक न.पा. १,सप्तरी | १०१,१००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |
| २. | कंचिरा हटिया | खडक न.पा. ३,सप्तरी | १५०००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |
| ३. | अन्दुलेखि कृषि बजार | खडक न.पा. ४,सप्तरी | २३०००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |
| ४. | खरचुहिया हटिया | खडक न.पा. ५,सप्तरी | ९०,५००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |
| ५. | कल्याणपुर हटिया | खडक न.पा. ७,सप्तरी | २,८०,०००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |
| ६. | बिसनपुर हटिया | खडक न.पा. ८,सप्तरी | ९०,३००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |
| ७. | फुलेश्वरनाथको हटिया | खडक न.पा. १०,सप्तरी | ६५,०००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |
| ८. | बनौली हटिया | खडक न.पा. ११,सप्तरी | १५,०००।०० | ५००।- | आ.ब. २०७९/०८० अषाढ मसान्त सम्म | १ बर्ष |

नियम तथा शर्तहरु :

१. फारम दस्तुर रु. ५००।- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगद बुझाउनु पर्नेछ । फारम यस नगरपालिकाको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

२.सिलबन्दी दरभाउपत्र मिति २०७९/०४/३० गते सोमबार १२:०० बजे कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेख्नु पर्नेछ । दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

४. शिलबन्दी दरभाउपत्र मिति २०७९/०४/३१ गते मंगलबार समय दिनको १:०० बजे खोलिने छ ।

५. कबोल रकमको लागि तोकिएको न्युनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ ।

६. एक ठेक्कामा कम्तीमा ३ जना व्यक्ति वा संस्थाको शिलबन्दी परेको हुनु पर्ने छ ।

७. शिलबन्दी दरभाउपत्र पेश गर्दा तोकिएको न्युनतम कबोल अंकको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस न.पा.को राजश्व शाखामा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ ।

२०७९।४।१६

कुन्दन कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत

Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite : khadakmun.gov.np

फोन नं. : ०३१–५४००५४

# खडक नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
### मधेश प्रदेश, नेपाल


पत्र संख्या : २०७९/०८०

८. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिईनेछ । यदि एकमुष्ट रकम नबुझाएमा सम्झौता गर्न आउँदा पहिलो किस्ता ६० प्रतिशत दोस्रो किस्ता २० प्रतिशत र तेस्रो किस्ता २० प्रतिशत भुक्तानी गर्नु पर्नेछ र धरौटी वापतको रकम अन्तिम किस्तामा कवोल रकम सँग मिलान गरी कट्टा गरिनेछ ।

९. एकमुष्ट वा प्रथम किस्ता वापतको ६० प्रतिशत रकम ७ सात दिन भित्र बुझाई चलान पूर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिईनेछ ।

१०. तोकिएको निर्धारित समय भित्र नियमित रुपमा किस्ता बुझाउनु पर्नेछ । नियमित रुपमा किस्ता नबुझाएमा चल/ अचल सम्पति रोक्का गरी असुल उपर गरिनेछ ।

११. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी रकम, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन् ।

१२. हटियाको हकमा कर पूर्जा अनिवार्य लागू गर्नु पर्नेछ र पूर्जा रसिद ठेकेदारले स्वयमले छपाउनु पर्नेछ ।

१३. कर वापत हटियामा जिन्सी सरसामानहरु उठाउन पाईने छैन् ।

१४. ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको हटियामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन र सामान्य मर्मत सम्भारको रकम न.पा. मा दावि गर्न पाईने छैन् ।

१५. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप,खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनुपर्ने र सोको कवोल गरेको रकममा मिन्हा हुने छैन् ।

१६. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन् ।

१७. दोस्रो पक्षले हटिया ठेक्का सम्बन्धी सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार गर्नु पर्नेछ ।

१८. ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

२०७९/४/१३

.................

(कुन्दन कुमार कर्ण)

प्रमुख प्रशासकीय अधिकृत

कुन्दन कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत